# पान बुलेटिन

नेपाल जनप्रशासन संघको सूचनामूलक प्रकाशन

बर्ष २० | श्रावण २०७९ (अगस्त २०२२) | अंक २७


## अध्यक्षको सन्देश



नेपाल जनप्रशासन संघले आफ्नो स्थापन कालदेखि नै सार्वजनिक प्रशासन, व्यवस्थापन तथा सेवा प्रवाहका क्षेत्रमा नेपाल सरकार, निजी क्षेत्र र गैरसरकारी क्षेत्रसंग समन्वय, सहकार्य तथा साझेदारी गर्दै आइरहेको छ। संघले प्रशासन, व्यवस्थापन, सेवा प्रवाह, सुशासन, विकेन्द्रीकरण, राज्य संरचना, वजेट निर्माण एंव कार्यान्वयन गर्ने नीति निर्माण तथा कार्यान्वयनका सम्बन्धमा सम्वन्धित निकायमा आवश्यक पृष्ठपोषण, साझेदारी तथा ध्यानाकर्षण समेत गर्दै आईरहको छ। जनप्रशासन र सुशासन सम्बन्धी विविध आयाममा संघले अनुसन्धात्मक लेख तथा रचनाहरू पान जर्नलमा प्रकाशित गर्दै आइरहेको छ। राज्य सञ्चालन र शासन सञ्चालनको जिम्मेवारी प्राप्त गरेका निर्वाचित जनप्रतिनिधी र कार्यान्वयन गर्ने गराउने भूमिकामा रहेको प्रशासन संयन्त्र दुवै पक्षको सहकार्य र सहयोग, इमान्दारिता, नैतिकता र आपसमा सहयोग र समन्वयका आधारमा मात्रै जन अपेक्षित शासनको परिकल्पना पूर्ण हुने दिशा तर्फ उन्मुख रहन्छ भन्ने संघको मान्यता रहिआएको छ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यबस्था पछि स्थानीय सरकारको पहिलो ५ बर्षको कार्यकाल पुरा भइ दोश्रो निर्वाचन सम्पन्न भइ सकेको छ। नेपालको संविधानले तीनै तहका सरकारलाई कार्यकारिणी, व्यबस्थापकीय र न्यायिक अधिकार प्रदान गरेको छ। यी अधिकारहरूलाई संविधानको अनुसूचीमा एकल र साझा भनी वर्गीकरण समेत गरेको हुँदा यी अधिकारको कार्यान्वयन गर्न तीनवटै सरकार (संघ, प्रदेश र स्थानीय) वीचको समन्वय, सहकारिता र सहअस्तित्वलाई प्रबर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ लागु भएको हो। स्थानीय सरकारलाई संविधानको अनुसूची ८ मा प्रदान गरिएका एकल अधिकारहरूको कार्यान्वयनको लागि कानून निर्माण गरी लागु गर्न सक्ने संबैधानिक व्यबस्था रहेको र सो अनुरूप नागरिकमा लोकतन्त्रका लाभहरूको सुनिश्चितता गरी संस्थागत गर्न नवनिर्बाचित पदाधिकारीहरूको कानूनी वित्तीय अधिकार क्षेत्र, आर्थिक कार्यप्रणाली संचालन गर्न नबनिर्बाचित जनप्रतिनिधिहरूको कानूनी, प्रशासनिक तथा वित्तीय व्यबस्थापनका बारेमा क्षमता विकास गर्न आबश्यक देखिन्छ।

आगामी प्रतिनिधि सभा र प्रदेश सभाको चुनावको लागि २०७९ मार्ग ४ गतेको मिति तोकिइसकेको सन्दर्भमा राज्यको समग्र विकास निर्माणका लागि आवश्यक स्पष्ट कानूनको तर्जुमा गर्ने, देशमा सुशासन र अमनचैन कायम राख्न समृद्धि हासिल गर्न निष्पक्ष रूपमा आवश्यक नीति निर्माणमा योगदान गर्न सक्ने जनप्रतिनिधिको छनौटको लागि निर्वाचनको सफलता सहित नेपालको संघिय लोकतान्त्रिक तथा गणतान्त्रिक अभ्यास मजबुद हुँदै जाने विश्वास लिइएको छ।

प्रस्तुत सन्दर्भमा, संघले सम्पादन गरेको विभिन्न कार्यक्रमहरू पान वुलेटिन मार्फत आफ्ना सदस्यहरू तथा सरोकारवालाहरूलाई जानकारी प्रदान गर्दै आइरहको छ। यसर्थ, पान वुलेटिनको प्रस्तुत प्रकाशनको सफलताको कामना गर्दै सदस्यहरू तथा सरोकारवाला सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

२०७९ श्रावण

**कृष्णहरि बास्कोटा**
अध्यक्ष

## हेम बहादुर मल्ल सम्मान पुरस्कार २०७६ वितरण

प्रशासन र व्यवस्थापनका विविध क्षेत्रमा कार्यरत प्राज्ञिक, प्रशासक र व्यवस्थापकबीचको पारस्परिक पेशागत सम्बन्धलाई मर्यादित र सुदृढ गर्दै सार्वजनिक क्षेत्रको नीति निर्माण, समीक्षा र मूल्याङ्कनमा व्यावसायिक पृष्ठपोषण गर्ने उद्देश्यले स्थापित नेपाल जन-प्रशासन संघले सार्वजनिक उपयोगिता क्षेत्रको अग्रणी संस्था साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको सौजन्यमा सो संस्थाका पूर्व प्रिसिडेण्ट एवं कुशल प्रशासक तथा व्यवस्थापक स्व. हेम बहादुर मल्लको स्मृति र सम्मानमा २०५९ मा स्थापित 'हेमबहादुर मल्ल सम्मान' द्वारा वर्ष २०७६ का लागि २०७९ बैशाख ११ गतेका दिन राष्ट्रपति कार्यालयमा आयोजित समारोहमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूद्वारा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त **श्री सूर्यनाथ उपाध्यायज्यूलाई** सो सम्मान प्रदान गरियो।

राष्ट्रिय जीवनका विभिन्न जिम्मेवारीमा रहँदा यहाँले प्रदर्शन गर्नुभएको साहस, सुझबुझ र इमानको उच्च कदर गर्दै सार्वजनिक सेवाको श्रीवृद्धिमा यहाँले पुऱ्याउनुभएको उल्लेखनीय योगदानका खातिर सम्मान गर्न पाएकोमा हार्दिक प्रसन्नता व्यक्त गर्दै नेपाल जन-प्रशासन संघ यहाँको निरामय, सक्रिय एवं सुखमय भावी जीवनको कामना पनि गर्दछ।

राष्ट्रिय स्वार्थलाई सर्वोपरि राखी सार्वजनिक प्रशासन र व्यवस्थापन तथा सार्वजनिक सरोकारका क्षेत्रमा उदाहरणीय संस्थागत नेतृत्व प्रदान गरी उत्कृष्ट योगदान गर्ने व्यक्ति वा संस्थालाई प्रतिवर्ष रू २ (दुई) लाख नगद राशिका साथ पुरस्कृत गर्ने गरी स्थापित यो सम्मान राष्ट्रिय जीवनका प्रतिष्ठित व्यक्तित्व र पदाधिकारीहरू सम्मिलित उच्चस्तरीय समितिले छनौट गरेको व्यक्तिलाई प्रदान गर्ने गरिन्छ।

साथै सोहि दिन होटल एभरेष्टमा विभिन्न लब्ध प्रतिष्ठित व्यक्तित्वहरूको उपस्थिति रहेको भव्य समारोह सहित उहाँप्रति सम्मान र रात्री भोज समेत गरी कार्यक्रम सम्पन्न भयो।




प्रकाशक:

**नेपाल जन-प्रशासन संघ**

Public Administration Association of Nepal (PAAN)

हरिहर भवन, ललितपुर, नेपाल

## बधाई तथा शुभकामना

नेपाल व्यवस्थापन संघको २० औं प्रवन्ध समितिको निर्वाचन सम्पन्न भई नयाँ प्रवन्ध समिति (कार्य समिति) को चयन भएको हुँदा नव निर्वाचित प्रवन्ध समितिका अध्यक्ष श्री उपेन्द्र प्रसाद पौड्याल सहित सम्पूर्ण पदाधिकारी तथा सदस्यज्यूहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुभकामना ।





यस नेपाल जनप्रशासन संघका ११ औं कार्यसमितिका सदस्य श्री शरद बिक्रम राणाज्यूलाई नेपाल सरकारले Trade and Export Promotion Centre को कार्यकारी निर्देशकको रूपमा नियुक्त गरेकोमा उहालाई बधाई तथा सफल कार्यकालको लागि हार्दिक शुभकामना ।

## नेपाल जन प्रशासन संघको आजिवन सदस्यता प्रदान

नेपाल जन प्रशासन संघको आजिवन सदस्यता प्राप्त गर्नुहुने तपसिलमा उल्लेखित सबै सदस्यलाई हार्दिक बधाई ।

क) विष्णु प्रसाद लम्साल - ने.प्र.प्र.प्रतिष्ठान
ख) विष्णु प्रसाद भण्डारी - उप प्राध्यापक, पृ.ना. क्याम्पस, पोखरा
ग) कृष्ण प्रसाद शर्मा - प्रबन्धक, कर्मचारी सञ्चय कोष
घ) शान्ता गौतम - वरिष्ठ प्रबन्धक, कर्मचारी सञ्चय कोष
ङ) शत्रुध्वन प्रसाद शर्मा पोखरेल - परराष्ट्र मन्त्रालय
च) घनश्याम न्यौपाने - लेक्चरर
छ) युवराज श्रेष्ठ - अर्थ मन्त्रायल (हाल अख्तियार दु.अ.आ.)
ज) इन्द्र कुमार श्रेष्ठ - लेक्चरर
झ) वीरेन्द्र पौडेल - विभागिय प्रमुख, कर्मचारी सञ्चय कोष
ञ) किरण कुमार श्रेष्ठ - महाप्रबन्धक, राष्ट्रिय बाणिज्य बैक

## संघको आधिकारीक Email र Facebook पेज

संघको आधिकारीक Email – paan.kathmandu@gmail.com रहेको र Facebook पेज https://www.facebook.com/profile.php?id=100080048033344 तयार भई प्रयोगमा ल्याइएको ।




## हेमबहादुर मल्ल सम्मान पुरस्कार २०७७ र २०७८ छनौट समिति गठन

नेपाल जनप्रशासन संघले साल्ट ट्रेडिंग कर्पोरेशनको सहयोगमा स्थापना गरेको हेमबहादुर मल्ल सम्मान पुरस्कार २०७७ र २०७८ छनौटका लागि देहाय बमोजमको **हेमबहादुर मल्ल सम्मान पुरस्कार २०७७ र २०७८ छनौट समिति गठन** भएको छः

क) श्री दिपेन्द्र पुरूष ढकाल - संयोजक
ख) श्री कृष्णहरि बास्कोटा - सदस्य, नेपाल जनप्रशासन संघका अध्यक्ष
ग) श्री कल्याण गोविन्द श्रेष्ठ - सदस्य, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.का अध्यक्ष
घ) श्री पूर्णचन्द भट्टराई - सदस्य
ङ) श्री याम कुमारी खतिवडा - सदस्य
च) श्री नेपाल जन प्रशासनसंघका महासचिव - पदेन सदस्य सचिव

## आ.ब. २०७९/८० को बजेटका लागि सुझाव

नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्रस्तुत हुने आ.ब. २०७९।८० को बजेटका लागि सुझाव दिने सम्बन्धमा नेपाल जनप्रशासन संघका आजिवन सदस्यहरू एवं अन्य सरोकार व्यक्ति तथा संस्थाबाट प्राप्त देहायका सुझावहरू अर्थ मन्त्रालयमा पठाइएको :

- संघीयता कार्यान्वयनका सन्दर्भमा संघीय निजामती सेवा ऐन यथासिघ्र जारी गर्नुपर्छ । यो ऐन जारी गर्दा कर्मचारीतन्त्रको माध्यमद्वारा राष्ट्रिय एकतामा टेवा पुग्ने हुनुपर्छ ।
- सुशासनका लागि सरकारले सुधारको एउटा प्याकेज नै घोषणा गर्नुपर्छ ।
- भ्रष्टाचार नियन्त्रणमा सरकार कठोर हुनुपर्छ ।
- आम नागरिकहरूलाई सेवा प्रदान गर्ने क्रममा उनीहरूको सन्तुष्टिलाई उच्च महत्व दिनुपर्छ ।
- राईट म्यान ईन राईट प्लेसका लागि सिघ्र नेतृत्व पहिचान केन्द्र स्थापना गर्नुपर्छ ।
- अर्थतन्त्रको तीनखम्बे नीति अनुरूप सरकारी क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्र वीच उचित तालमेलको वातावरण निर्माण गर्नुपर्छ ।
- सेवा प्रबाहमा अधिकतम्रूपमा ईगभरनेन्स प्रणाली लागू गर्दै बिद्युतीय सरकार संचालनको गुरुयोजना तर्जुमा गरी लागू गर्नुपर्छ ।
- कार्यसम्पादन करार पद्धतिको प्रभावकारी व्यवस्थापन गर्नुपर्छ ।
- कृषितर्फ उच्च प्राथमिकता दिई कम्तिमा खाद्यान्न, हरियो तरकारी, फलफूल, माछामासु र दुग्धजन्य पदार्थमा आत्मनिर्भर हुनुपर्छ ।
- आम युवाहरू रोजगारीका लागि विदेशिन वाध्य हुनु परिरहेको अबस्थामा आन्तरिक रोजगारीका अबसरहरू बृद्धि गर्नुपर्छ ।
- बुढी गण्डकी जल विद्युत जस्ता केहि मेघा प्रोजेक्टहरू आन्तरिक लगानीवाटै आरम्भ गर्नुपर्छ ।
- वन, खानी र जडिबुटीको विकासतर्फ जोड दिनुपर्छ ।

- सुशासन अभिबृद्धि र भ्रष्ट्राचार नियन्त्रणतर्फ सरकारको प्राथमिक्ता केन्द्रित हुनुपर्छ ।
- पूजिगत बजेटको खर्च बढाउने विधिहरूलाई स्पष्टरूपमा सार्बजनिक गर्नुपर्छ ।
- शहरी विकासतर्फ विशेष जोड दिनुपर्छ ।
- राजश्व चुहावटमा निग्रानी बढाउनु पर्छ ।
- शिक्षा र स्वास्थ्यतर्फ संवैधानिक भावना बमोजिम बिनियोजन बढाउनु पर्छ ।
- वित्तिय जोखिम न्यूनीकरणतर्फ विशेष रणनीति तय गर्नुपर्छ ।
- निकासी बृद्धिमा थप प्रयास गर्नुपर्छ ।
- ईण्डकशन चूल्हो, विद्युतीय सवारी साधन, चार्जिंग सेण्टर लगायतका क्षेत्रलाई विशेष प्राथमिक्ता दिनुपर्छ ।

## निजामती सेवाको राष्ट्रिय नीति



नेपालको निजामती सेवा सम्बन्धी राष्ट्रिय नीति तयार गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) कार्यालयमा मिति २०७८/११/०६ मा कोषाध्यक्ष श्री दिलिपराज पौडेलले सम्झौता गर्नु भएको थियो । यस अनुसार प्रतिवेदन तयारीको लागि पूर्व सचिव श्री शारदा प्रसाद त्रिताल र पूर्व सहसचिव श्री महेन्द्र कुमार थापालाई जिम्मेवारी दिइएकोमा प्रतिवेदन तयार गरी मिति २०७९/०२/१० मा संघका अध्यक्ष श्री कृष्णहरि बास्कोटाज्यूले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यू र मन्त्रालयका सचिव श्री सुरेश अधिकारीज्यूलाई हस्तान्तरण गर्नुभयो । साथै, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) मा समेत मिति २०७९/०२/१० मा पेश गरिएको ।

## PAAN च्याप्टर गठन तथा विधान संशोधन उपसमिति गठन

प्रदेश स्तरमा PAAN च्याप्टर/शाखा खोल्ने सम्बन्धमा प्रतिवेदन दिन र संघको विधान संशोधनको लागि संघका पूर्व महासचिव श्री रामशरण चिमौरियाको संयोजकत्वमा विधान संशोधन उपसमिति गठन गरिएको ।

## PAAN Talk कार्यक्रम

PAAN (नेपाल जनप्रशासन संघ) ले प्रत्येक १५/१५ दिनको अन्तरालमा समसामायिक विषयवस्तु, जनप्रशासन, सार्वजनिक सेवा, प्रभावकारी सेवा प्रवाह, पारदर्शिता, सुशासन, सार्वजनिक प्रशासन र व्यवस्थापन सम्बन्धी छलफल कार्यक्रम आयोजना गर्ने गरेको छ । नव निर्वाचित ११ औं कार्यसमितिले २०७८ चैत्र सम्ममा ६ वटा कार्यक्रम सञ्चालन गरेकोमा २०७९ बैशाखदेखि २०७९ श्रावण सम्ममा थप ६ वटा कार्यक्रम सम्पन्न गरी सकेको छ । देहायमा उल्लेखित कार्यक्रमहरू सम्पन्न भएको छ :

१. २०७९ बैशाख ७ गते बुधवारका दिन Relevancy of Monitoring & Evaluation in Public Administration विषयमा Nepal Evaluation Society का सभापति डा. भुवन बज्राचार्यज्यूको प्रस्तुतीकरण रहेको ।

२ २०७९ बैशाख २१ गते बुधवार Nepal's Foreign Policy & Diplomatic Activities विषयमा फ्रान्सका पूर्व राजदुत एवं Center for Diplomacy & Development का Founder President श्री मोहन कृष्ण श्रेष्ठज्यूको प्रस्तुतिकरण रहेको ।

३ २०७९ जेठ ४ गते सूचनाको हकको तागत विषयमा नेपाल जनप्रशासन संघका अध्यक्ष तथा पूर्व प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बास्कोटाज्यूको प्रस्तुतीकरण रहेको ।

४. २०७९ जेष्ठ १८ गते आ.ब. २०७९।८० को बार्षिक बजेटका विशेषता तथा कार्यन्वयनको सुनिश्चितता विषयमा अर्थ मन्त्रालयका वरिष्ठ आर्थिक सल्लाहकार डा. सुरेन्द्र कुमार उप्रेतीज्यूको प्रस्तुतिकरण रहेको ।

५. २०७९ असार १ गते सार्वजनिक विदाको मापदण्ड: विश्लेषण र विवेचना विषयमा नेपाल सरकारका पूर्व सचिव श्री अच्यूत बहादुर राजभण्डारीज्यूको प्रस्तुतिकरण रहेको ।

६. २०७९ श्रावण ११ गते बुधबारका दिन PAAN Talk कार्यक्रम अन्तर्गत व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका नायब कार्यकारी निर्देशक श्री सुयस खनालज्यूबाट - नेपालको बैदेशिक व्यापार बिषयमा र उप निर्देशक श्री राजेन्द्र सिंहज्यू बाट Nepal Trade information Portal को बारेमा प्रस्तुति तथा जानकारी प्रस्तुत गर्नु भएको थियो भने उक्त कार्यक्रममा moderator को रूपमा सोहि केन्द्रकै कार्यकारी निर्देशक श्री शरद बिक्रम राणाज्यूले गर्नु भएको थियो । साथै, कार्यक्रममा संघका महासचिव तथा नेपाल सरकारका सचिव (हाल बागमती प्रदेशका प्रमुख सचिव) श्री मुकुन्द प्रसाद निरौला, पूर्व सचिवज्यूहरू श्री दीपेन्द्र पुरुष ढकाल, पूर्णचन्द्र भट्टराई, याम कुमारी खतिवडा तथा पूर्व सहसचिव, उपसचिव सहित बिभिन्न व्यक्तित्वहरूको उपस्थिति रहेको उक्त कार्यक्रमको अन्त्यमा संघका अध्यक्ष श्री कृष्णहरि बास्कोटाले कार्यक्रमको सार बताउँदै केन्द्र परिवार एवं उपस्थित सबैलाई धन्यवाद सहित कार्यक्रम समापन गर्नु भयो ।

# TOT कार्यक्रम संचालन

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको शुरुवात भएपछि स्थानीय सरकारको पहिलो ५ बर्षको कार्यकाल पुरा भइ दोश्रो निर्बाचन सम्पन्न भइ सकेको छ । नेपालको संविधानले तीनै तहका सरकारलाई कार्यकारिणी, व्यबस्थापकीय र न्यायिक अधिकार प्रदान गरेको छ । यी तीनै तहका सरकारका अधिकार हरूलाई संविधानको अनुसूचीमा एकल र साझा भनी वर्गीकरण समेत गरेको हुँदा यी अधिकारको कार्यान्वयन गर्न तीन तहकै सरकार (संघ, प्रदेश र स्थानीय) वीचको समन्वय, सहकारिता र सहअस्तित्वलाई प्रबर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रबाह गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ लागु भएको छ ।

स्थानीय सरकारलाई संविधानको अनुसूची ८ मा प्रदान गरिएका एकल अधिकारहरूको कार्यान्वयनको लागि कानून निर्माण गरी लागु गर्न सक्ने संबैधानिक व्यबस्था रहेको र सो अनुरूप नागरिकमा लोकतन्त्रका लाभहरूको सुनिश्चितता गरी यस्ता अभ्यासहरूलाई संस्थागत गर्न स्थानीय सरकारको क्षमता विकास गर्न आबश्यक रहेको छ। त्यसकारण स्थानीय तहका नवनिर्बाचित पदाधिकारीहरूको कानूनी, वित्तीय अधिकार क्षेत्र, आर्थिक कार्य प्रणाली संचालन गर्न नबनिर्बाचित जनप्रतिनिधिहरूको कानूनी, प्रशासनिक तथा वित्तीय व्यबस्थापनका बारेमा क्षमता विकास गर्न जरूरी रहेको छ । यस सन्दर्भमा बागमती प्रदेशका १३ वटै जिल्लामा उक्त कार्यक्रम संचालन गर्न दक्ष श्रोत व्यक्ति परिचालन गर्न, स्थानीय सरकार संचालन सम्बन्धी प्रशिक्षक प्रशिक्षण (TOT) संचालनका लागि बागमती प्रदेश सरकार, प्रदेश सुशासन केन्द्र, जावलाखेल, ललितपुर मार्फत नेपाल जनप्रशासन संघले मिति २०७७ असार २४-२६ गते प्रशिक्षक प्रशिक्षण (TOT) कार्यक्रम सम्पन्न गरेको छ।













## समवेदना तथा हार्दिक श्रद्धाञ्जली



नेपाल जन प्रशासन संघका सदस्य एवं नेपाल सरकारका पूर्व आपूर्ति सचिव दुर्गा प्रकाश पाण्डेको यही २०७९ श्रावण ५ गते बिहीवारको दिन निधन भएको खबरले PAAN परिवार स्तब्ध छ । उहाँको आत्माको चिरशान्तिको लागि हार्दिक श्रद्धाञ्जली एवं शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल जन प्रशासन संघ परिवार**
हरिहर भवन, पुल्चोक, ललितपुर




